सूचना । सूचना ।। सूचना ।।।

**<u>बिषय :- सडक अतिक्रमण गरी राखिएका तरकारी/फलफुल तथा अन्य पसल, कवल, बुकिङ्ग काउन्टर, पार्किंग गरी राखिएको ठुला तथा साना सवारी साधन र घर टहरा हटाउने सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा सार्वजनिक सडक ऐन २०३१ को दफा ३(क) को उपदफा १ बमोजिम सार्वजनिक सडक सिमा भित्र कुनै पनि किसिमको स्थायी/अस्थायी संरचना वा भवन कसैले निर्माण गर्न नपाउने व्यबस्था भएकोले यस नगरपालिका क्षेत्र भित्र पर्ने सडकहरु महेन्द्र राजमार्गको पूर्व रातु पूल देखि पश्चिम भब्सी पूल सम्म, र बर्दिबास चोक देखि दक्षिण जलेश्वर सडक खण्डको अकवानटोल सम्म सडकको दायाँ वायाँ दुवै तर्फ सडक अतिक्रमण गरी बनाइएका राखिएका तरकारी/फलफुल तथा अन्य पसल, कवल, बुकिङ्ग काउन्टर, पार्किंग गरी राखिएको ठुला तथा साना सवारी साधन र टहराहरु ३ (तीन) दिन भित्र हटाई/भत्काई सडक खालि गरी दिन हुन सबैमा अनुरोध गरिन्छ । साथै उक्त समयावधि भित्र राखिएका तरकारी/फलफुल तथा अन्य पसल, कवल, बुकिङ्ग काउन्टर, पार्किंग गरी राखिएको ठुला तथा साना सवारी साधन र टहरा नहटाई अटेर गरेमा सार्वजनिक सडक ऐन २०३१ को दफा ३(क) को उपदफा २ बमोजिम राखिएका तरकारी/फलफुल तथा अन्य पसल, कवल, बुकिङ्ग काउन्टर, पार्किंग गरी राखिएको ठुला तथा साना सवारी साधन र टहरा भत्काई/हटाई भात्काउदा/हटाउदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सकिने व्यबस्था भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

**बर्दिबास नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २